# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : २१ मिति: २०७७/०३/१७

## भाग- ३

## टीकापुर नगरपालिकामा कोरोना भाइरस (कोभिड-१९) संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण, क्वारेन्टाइन व्यवस्थापन तथा उपचारमा संलग्नहरुलाई जोखिम भत्ता व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७७

**प्रस्तावना :** कोरोना भाइरस (कोभिड१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण, क्वारेन्टाइन व्यवस्थापन तथा उपचार सम्बन्धी कार्यमा संलग्न जनशक्तिलाई टीकापुर नगरकार्यपालिकाको नगरस्तरीय कोरोना भाइरस (कोभिड-१९) समन्वय समितिको मिति २०७६/१२/१३ गते बसेको बैठकको निर्णय सिफारिश तथा नगर कार्यपालिकाको मिति २०७६।१२।२१ को अनुमोदित निर्णय अनुसार कोभिड-१९ सम्बन्धी कामकाजमा खटिएका जनशक्तिहरुलाई जोखिम भत्ता उपलब्ध गराउन वान्छनीय भएकोले, स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी टीकापुर नगरपालिकाले यो कार्यविधि लाई जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण, क्वारेन्टाइन व्यवस्थापन तथा उपचारमा संलग्नहरुलाई जोखिम भत्ता व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागु हुनेछ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा(

(क)"उपचार' भन्नाले कोभिड-१९ को संक्रमणकोपहिचान, रोकथाम, नियन्त्रण, उपचार तथा अन्य व्यवस्थापनसम्बन्धी कार्यलाई सम्झनु पर्छ ।

(ख) "कोभिड-१९" भन्नाले SARS-COV-2 भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ ।

(ग) "प्रयोगशाला" भन्नाले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा कोभिड-१९ को परीक्षण गर्न योग्य प्रयोगशाला सम्झनु पर्छ ।

(घ) "जोखिम भत्ता" भन्नाले कोभिड-१९ को संक्रमणको उपचार तथा व्यवस्थापनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहने जनशक्तिलाई यस कार्यविधि वमोजिम प्रदान गरिने रकम सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(च) "नगर कार्यपालिका" भन्नाले टीकापुर नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(छ)"जनशक्ति" भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न दफा ३ बमोजिमको निकायको सोही वमोजिमको कार्यमा संलग्न देहाय बमोजिमका जनशक्ति सम्झनु पर्छः

१. चिकित्सक,

२. नर्स

३.पारामेडिक्स

४.प्रयोगशालाकर्मी

५.हलुका तथा भारी सवारी चालक

६.एम्बुलेन्स तथा दमकल चालक तथा सहायक,

७.इलेक्ट्रिसिएन तथा प्लम्बर

८. नगर प्रहरीकर्मी

९. सरसफाइमा संलग्न कर्मचारी

१०. सम्बन्धित कार्यालय प्रमुखले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको भनी प्रमाणित गरेका कर्मचारी ।

३. जोखिम भत्ता प्राप्त गर्न सक्ने: कोभिड-१९ को संक्रमणको उपचारमा संलग्न देहाय बमोजिमका निकायका देहाय बमोजिमका काममा खटिएका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्नेछनः

(क) देहाय बमोजिमका हेल्थ डेस्कमा कार्यरत जनशक्ति:

(१) स्थलगत खक्रौला नाका वा टीकापुर नगरपालिका भित्र अन्य नाकामा खडा गरिएका हेल्थ डेस्कमा खटिएका,

(ख) देहाय बमोजिमका क्वारेन्टाइनमा कार्यरत जनशक्तिः

(१) कोभिड-१९ को संक्रमण हुन सक्ने शंका गरिएका विभिन्न नाकाबाट नेपाल प्रवेश गरेका स्वदेशी तथा विदेशी नागरिकलाई राख्नका लागि स्थानीय तह तथा अन्तर्गतका कार्यालयबाट खडा गरिएका क्वारेन्टाइनमा खटिएका

(ग) देहाय बमोजिमका उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न जनशक्तिः

(१) संक्रमणको शंकास्पद व्यक्तिलाई शुरु परीक्षण (स्किनिंग) र सो कार्यमा सहयोग पुर्‍याउने तथा फिबर (ज्वोरो) क्लिनिकमा खटिएका जनशक्ति

(२) संक्रमणको शंकास्पद व्यक्तिलाई आइसोलेसनमा राखेको अवस्थामा त्यस्तो आईसोलेसन बेड तथा वार्डमा खटिएका जनशक्ति

(३) संक्रमण भई उपचाररत रहेका व्यक्तिको उपचारमा खटिएका जनशक्ति

(४) कोभिड-१९ को संक्रमणको पुष्टि भएका विरामीसँग सम्पर्कमा आएकाहरुको खोजी कार्य गर्न कन्ट्याक्ट टेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी वा कार्यरत जनशक्ति

(५) अस्पताल, स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रमा कार्यरत जनशक्ति

(घ) देहाय बमोजिमका प्रयोगशाला परीक्षणमा संलग्न जनशक्ति:

(१) कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना संकलन, प्याकिङ र ढुवानीमा संलग्न जनशक्ति,

(ङ) स्थानीय आपतकालीन सञ्चालन केन्द्र (LEOC) मा कार्य गर्न तोकिएका जनशक्ति ।

(च) खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमको जनशक्तिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोगका लागि तत् तत् स्थानमा खटिएका जनशक्ति।

(ग), (घ), (ङ), (च) र (छ) मा उल्लेखित जनशक्तिको व्यवस्थापनमा संलग्न जनशक्ति ।

(ज) यस कार्यविधि बमोजिमको कार्यको अनुगमन, मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न स्थानीय तहका जनप्रतिनिधि वा अन्य जनशक्ति ।

**४. विवरण तथा कागजात संलग्न गर्नुपर्ने:**

(१) जोखिम भत्ता प्राप्त गर्नका लागि पुष्ट्याँई सहितको देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरी दफा ६ बमोजिमको निकाय समक्ष पेश गर्नु पर्नेछ:

(क) दफा ३ बमोजिमको कार्य गर्नका लागि खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी ।

(ख) क्वारेन्टाईनको हकमा सम्भावित संक्रमित व्यक्ति क्वारेन्टाईनमा बसेको विषय पुष्टयाँई गर्ने विवरण ।

(ग) फिबर (ज्वरो) क्लिनिकको हकमा फिवर क्लिनिक संचालन गरेको प्रमाण तथा फिवर क्लिनिकमा चेकजाँच गरेका व्यक्तिको विवरण ।

(घ) उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परीक्षण गरेका, आईसोलेसनमा राखेका तथा संक्रमणको पुष्टि भई उपचार गरेका बिरामीको विवरण ।

(ङ) अस्पताल, स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र हकमा संस्था प्रमुखले प्रमाणित गरेको हाजिरी विवरण ।

(च) प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिको हकमा नमूना संकलन गरिएका तथा प्रयोगशाला परीक्षण गरिएका व्यक्तिको विवरण ।

**५.रकम उपलब्ध गराउने:** कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनमा संलग्न जनशक्तिलाई जोखिम भत्ता रकम स्थानीय तहले उपलब्ध गराउनेछ ।

**६. जोखिम भत्ता व्यवस्थापन:** (१) कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनमा खटाएका जनशक्तिलाई खटाउने निकायले नै जोखिम भत्ता रकमको व्यवस्था गर्नु पर्नेछ ।

(२) स्थानीय तहले खटाएका जनशक्तिलाई सम्बन्धित स्थानीय तहले नै रकम व्यवस्थापन गरी सोको सोधभर्नाको लागि आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी मन्त्रालय वा विभागमा पेश गर्नु पर्नेछ ।

**७. जोखिम भत्ता देहायको जनशक्तिलाई देहाय बमोजिम उपलब्ध गराइनेछ:**

(क) संक्रमणको शंका लागि आइसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति, संक्रमणको शंकास्पद तथा पुष्टि भएका विरामीको नमूना संकलन गर्ने जनशक्ति तथा क्वारेन्टाइनमा कार्यरत जनशक्ति वा क्वारेन्टाइन व्यवस्थापनमा खटिएकालाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत,

(ख) संक्रामक रोग तथा महामारी प्रकोपको विपद व्यवस्थापनमा खटिएका विपद व्यवस्थापन उपशाखा श्रोत व्यक्ति कर्मचारी, नगर प्रहरी लाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत,

(ग) कोभिड-१९ को महामारी शुरु भइसके पछि स्थापना भएका भारत नाकाहरुमा स्थापना गरिएका हेल्थ डेस्कमा खटिएका जनशक्ति तथा प्रयोगशाला परीक्षणका लागि संकलन गरिएको नमूना प्याकिङ्ग तथा ओसारपसारमा संलग्न, भारत वा अन्य जिल्लाबाट आएका व्यक्तिहरुको ओसारपसार तथा उपचाररत बिरामीहरुको ओसारपसारमा संलग्न सवारी साधन चालकमा कार्यरत जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत,

(घ) स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र हकमा संलग्न जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचास प्रतिशत,

(ङ) माथि तोकिए बाहेक अन्य जनशक्तिको हकमा नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचास प्रतिशत,

**८. अनुगमन गर्ने:** जोखिम प्रोत्साहन रकम लागू भए नभएको र जोखिम प्रोत्साहन रकमको दुरुपयोग भए नभएको सम्बन्धमा स्थानीय तहले अनुगमन गर्नेछ ।

**९. जोखिम भत्ताको अवधि:**

(१) देहायका जनशक्तिलाई देहायको अवधि देखि लागू हुने गरी जोखिम प्रोत्साहन रकम उपलब्ध गराइनेछः

(क) नगरपालिका, स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रको हकमा कार्यरत जनशक्तिको हकमा २०७६ साल चैत्र ११ गते देखि कोविड रु१९ को जोखिममा कामकाज गरेसम्म

(छ) यस दफामा उल्लेखित जनशक्ति बाहेक स्थानीय तहमा खण्ड (क), (ख), (ख) हेल्थ डेस्कको हकमा २०७६ साल चैत्र ११ गते देखि र अन्य स्वास्थ्य संस्थाबाट खटिएका कर्मचारीको हकमा हाजिर भएको मिति देखि कोभिड-१९ को जोखिममा कामकाज गरेसम्म (२) उपदफा (१) बमोजिमको जोखिम भत्ता नेपालमा कोभिड(१९ नियन्त्रण भईसकेको वा जोखिम नरहेको भनी नेपाल सरकारले निर्णय गरेको मिति अवधिसम्म कायम रहनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अर्थ मन्त्रालयको सहमतिमा म्याद थप गर्न सकिनेछ ।

**१०. बाधा अड्काउ फुकाउन सक्ने :** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**आज्ञाले,**
**दमन सिंह चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**
**टीकापुर नगरकार्यपालिकाको कार्यालय**

स्थानीय राजपत्र